नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ३० गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 16 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८०

## अबको अन्तिम लडाइँ सिंहदरबार केन्द्रित –नेता महतो

प्रस, पोखरिया, २९ कात्तिक/

लोकतान्त्रिक समाजवादी पार्टीका नेता राजेन्द्र महतोले अबको अन्तिम लडाइँ सिंहदरबारविरुद्ध गरिने उद्घोष गरेका छन् ।



तस्वीरः प्रतीक

पर्साको विन्ध्यवासिनी गाउँपालिका–१ मा सोमवार आयोजित कार्यक्रममा नेता महतोले मधेस र मधेसीको अधिकारको लागि पटक–पटक आन्दोलन गर्दै आए पनि अहिलेसम्म मधेसी, दलित, जनजाति, मुस्लिम, थारूलगायत अधिकारबाट वञ्चित नै रहेकाले आगामी आन्दोलन सबैखाले अधिकारका लागि अन्तिम हुने ठोकुवा गरे । उनले कार्यकर्ताहरूलाई भने– अन्तिम आन्दोलनको तयारीमा जुट्नुहोस्, अबको आन्दोलन मधेस केन्द्रित हुँदैन, सिंहदरबार केन्द्रित हुन्छ र सबैको अधिकार सुनिश्चित भएपछि मात्र रोकिनेछ ।

कार्यक्रममा लोसपा प्रदेश २ का संयोजक जीतेन्द्र सोनलले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवविरुद्ध विषवमन गरे । उनले यादवले माधव नेपाल र प्रचण्डसँगको मिलेमतोमा पटक–पटक धोखा दिँदै आएको भन्दै उनलाई बहुरुपिया भएको आरोप लगाए । प्रदेश २ का मुख्यमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने उनले माग गरे । अख्तियारले मुख्यमन्त्रीको कार्यालयमा छापामारी गरी दोषी प्रमाणित गरिसकेको अवस्थामा उनले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने भन्दै उनले सोही मञ्चबाट मुख्यमन्त्रीको राजीनामा माग पनि गरे ।

लोसपा पर्साका अध्यक्ष पुरुषोत्तम झाको अध्यक्षतामा भएको कार्यक्रममा लोसपाका नेता एवं सांसद लक्ष्मणलाल कर्ण, प्रदेशसभा सदस्यहरू प्रह्लाद गिरी, रमेश कुर्मी, शिव पटेल, रम्भा मिश्र, रामचन्द्र पडित, शशिकपूर मियाँलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रमोद तिवारीले स्वागत र ओमप्रकाश सर्राफले सहजीकरण गरेका थिए ।

## कानून व्यवसायी दोस्रो दिन पनि धर्नामा
## संवादबाट समस्या सुल्झाउन प्रधानन्यायाधीश जबराको आग्रह

प्रस, वीरगंज, २९ कात्तिक/

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणाको राजीनामा माग गर्दै निरन्तरता दिएको छ । पर्सा बार र उच्च अदालत बारसँग आबद्ध कानून व्यवसायीहरूले सोमवार पनि बिहान ११


धर्नामा बसेका पर्साका कानून व्यवसायीहरू । तस्वीरः प्रतीक

देशव्यापीरूपमा आन्दोलनमा उत्रिएका कानून व्यवसायीहरूको आन्दोलन सोमवार दोस्रो दिन पनि जारी रह्यो ।

न्यायालयभित्र न्यायिक शुद्धीकरणको माग गर्दै उच्च अदालत बार एशोसिएशन वीरगंज र पर्सा जिल्ला अदालत बार एकाइले केन्द्रीय बारको निर्देशन पालना गर्दै दोस्रो दिन पनि धर्ना कार्यक्रमलाई देखि मध्याह्न १२ बजेसम्म केन्द्रीय बारको निर्देशन अनुसार धर्ना दिएको उच्च अदालत बार वीरगंजका सचिव शैलेन्द्र चौरसियाले बताए ।

पर्सा जिल्ला अदालतमा बार एकाइका अध्यक्ष ओमप्रकाश साह र जनकपुर उच्च अदालतको अस्थायी

(बाँकी अन्तिम पातामा)

## विष खुवाएर दुईजना बालकको हत्या गरिएको आशङ्का

प्रस, गरुडा, २९ कात्तिक/

रौतहटको गरुडामा दुईजना बालकको शनिवारको दिन बिहान करीब ८ बजेको समयमा मृतक दुवै दाजुभाइले प्रदर्शन गरेका हुन् । प्रदर्शनको क्रममा सरोकारवालासित इलाका प्रहरी कार्यालय


मृतक दुईजना बालकको तस्वीर र सडकजाम गर्दै प्रदर्शनकारी । तस्वीरः प्रतीक

शव प्रदर्शन गर्दै आफन्तजनहरूले सोमवार दुई घण्टा सडकजाम गरेका छन् । रौतहटको देवाहीगोनाही नगरपालिका–५ का दुईजना बालकको विषसेवनका कारण मृत्यु भएपछि कसैले विष खुवाएर हत्या गरेको भन्दै आफन्तजनले दोषीलाई समातेर कारबाही गर्नुपर्ने माग राख्दै आज गरुडामा सडकजाम र विरोध प्रदर्शन गरेका हुन् ।

देवाहीगोनाही नपा–५ टिकुलियाका सञ्जय मुखियाका पाँच वर्षका छोरा आकाश मुखिया र तीन वर्षका छोरा विकास मुखियाको विषसेवनका कारण शनिवार मृत्यु भएको थियो । मृतक दुवैजना सहोदर दाजुभाइ हुन् । मृतक दाजुभाइको शव प्रदर्शन गर्दै आफन्तजनले क्षतिपूर्तिको माग पनि गरेका छन् ।

बान्ता गर्न थालेपछि आफन्त जयलाल मुखियाले घरमैं उपचार गर्न खोज्दा सम्भव नभएपछि गरुडा–५ शिवनगरस्थित सञ्जीवनी अस्पतालमा उपचारको लागि भर्ना गरिएको थियो ।

शिवनगरमा उपचार सम्भव नभएपछि गरुडा–४ गरुडा बजारस्थित अनामिका अस्पतालमा उपचारको लागि पुर्‍याउँदा त्यहाँ पनि सम्भव नभएपछि वीरगंजस्थित तराई अस्पतालमा लगिएको थियो । तराई अस्पतालमा नै दुवैजना बालकको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

दुवै बालकलाई कसैले विष खुवाएर मारेको भन्दै टिकुलियाका स्थानीयवासीका साथै मृतकका आफन्तजनहरूले गरुडामा गरुडाले छलफल गरेको छ । चार दिनभित्र अनुसन्धान गरेर दोषी पत्ता लगाउने प्रतिबद्धता इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

मृतक दुवै बालकको नारायणी अस्पताल वीरगंजमा शल्यपरीक्षण गरिएको जानकारी दिँदै इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले दुईजना बालकको मृत्यु कसैले विष खुवाएर भएको हो वा आफैंले खाएर भएको हो भन्ने विषयमा प्रहरी गम्भीर भएर अनुसन्धान गरिरहेको जानकारी गराएका छन् ।

मृतक दाजुभाइका पिता सञ्जय मुखिया वैदेशिक रोजगारको क्रममा साउदी अरेबियामा छन् ।

एकअर्काको धर्म–संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एकापसमा भेदभाव नगरौं, धार्मिक–सांस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## बैंकबाट नगद झिक्ने बढे, दैनिक एक अर्ब नगद झिकिंदै, ५० करोड जम्मा

प्रस, परवानीपुर, २९ कात्तिक/

वीरगंजमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूबाट नगद कारोबार गर्नेहरूको सङ्ख्यामा वृद्धि भएको छ । वीरगंजमा तीनवटा सरकारी र २४ वटा निजी बैंक गरी २७ वटा वाणिज्य बैंकका शाखा सञ्चालनमा छन् ।

एउटा बैंकको एउटा शाखाबाट दैनिक करीब ३–४ करोड नगद झिक्ने र डेढ करोडको हाराहारीमा जम्मा भइरहेको वीरगंज बैंकर्स एशोसिएशनले जनाएको छ । एशोसिएशनका एकजना पदाधिकारीका अनुसार कुनै कुनै ठूला बैंकको वीरगंजमा मात्रै तीनवटाभन्दा बढी शाखा सञ्चालनमा छन् ।

सरदरमा हिसाब निकाल्ने हो भने दैनिक एक अर्बभन्दा बढीको नगद कारोबार भइरहेको छ । एक अर्बमध्ये ५० प्रतिशत विभिन्न बैंककै खातामा जम्मा भइरहेका छन् भने ५० प्रतिशत रकम व्यक्तिगतरूपमा बजारमा गइरहेको छ । अर्थात् दैनिक ५० करोड रुपैया बजारमा पुगिरहेको छ । सेवाग्राहीहरूले पाएको रकम विशेषगरी घरजग्गा जोड्न तथा व्यवसाय तथा अन्य महसूल तिर्न खर्च गरिरहेको जनाइएको छ ।

यसअघि दशैं, तिहार र छठमा किनमेल तथा गरगहना खरीदमा धेरै रकम खर्च भइरहेको थियो ।

वीरगंजका एकजना बैंकर्सका अनुसार तिहारतिर दैनिक दुई अर्ब नगद झिकिन्थ्यो भने दैनिक ८० करोड मात्र जम्मा हुन्थ्यो भने अहिले त्यो क्रम घटेको छ ।

चाडपर्वमा नगद झिक्नेहरूको सङ्ख्या वृद्धि हुँदा अधिकांश बैंकको तिजोरी खालीसमेत भएको थियो । "चाडपर्वमा पैसा झिकेर खर्च गरी बाँकी रहेको पैसा फेरि बैंकमा जम्मा हुन थालेको छ," वीरगंजमा सञ्चालित एक बैंकका प्रबन्धकले भने, "तर जुन अनुपातमा पैसा जम्मा हुनुपर्ने हो, त्यो भइरहेको छैन ।"

निक्षेपको तुलनामा नगद बढी झिकिंदा बैंकसँग पैसा अभाव भएर ऋण लिनेहरू खाली हात फर्किरहेका छन् ।

## नारायणी अस्पतालबाट फाइजरको खोप

प्रस, वीरगंज, २९ कात्तिक/

पर्सा जिल्लामा नारायणी अस्पतालबाट मात्रै फाइजर खोप लगाउने कार्य भइरहेको छ ।




स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत जयमोद ठाकुरले कात्तिक २८ देखि मङ्सिर ३ गतेसम्म नारायणी अस्पतालबाट फाइजर खोप दिने व्यवस्था गरिएको बताए । उनले फाइजर खोपको पहिलो मात्रा १२ वर्षमाथिका बालबालिकाहरूका साथै मुटु, मिर्गौला, अङ्ग प्रत्यारोपणसहित १५ थरी असाध्य रोगीहरूलाई उपलब्ध हुने बताए ।

फाइजर खोपको पहिलो मात्रा पर्सामा १५ सयजनाको लागि आएको र सो उमेर समूहसहितका रोगीहरूलाई उपलब्ध रहेको बताए ।

## पर्सा/बारामा मदिराको बिक्री ह्वात्तै बढ्यो

प्रस, परवानीपुर, २९ कात्तिक/

पर्सा र बारामा पछिल्लो समय मदिराको बिक्री ह्वात्तै बढेको छ । नेपाल–भारत सीमा पूर्णरूपमा खुलेसँगै मदिराको बिक्री बढेको व्यवसायीहरूको भनाइ छ ।



वीरगंज मदिरा व्यवसायी सङ्घका अध्यक्ष रामाधारप्रसाद सर्राफका अनुसार एक महीनादेखि रफ्तार बढिरहेको मदिराको बिक्री छठ बिते लगत्तै डेढ गुनाले वृद्धि भई बिक्री भइरहेको छ । उनका अनुसार अक्टुबर २ तारेखका दिनदेखि नेपाल–भारतको मुख्य नाका वीरगंज–रक्सौल नाका खुलेसँगै मदिरा व्यवसायमा वृद्धि भएको छ ।

अहिले मासिक रु १८ करोडभन्दा बढीको मदिरा, बियर तथा पेयपदार्थ बिक्री भइरहेको उनले जानकारी गराए । नेपाल–भारत सीमा नखुल्दा मासिक रु साढे १२ करोडको कारोबार भइरहेको थियो ।

गत दुई वर्षदेखि कोरोना महामारीको कारण नेपाल–भारत सीमा बन्द थियो । लकडाउनका कारण बजार, होटल, पार्टी प्यालेस र ठूला जमघटका कार्यक्रममा प्रतिबन्ध लाग्दा मदिरा व्यवसाय धराशयी भएको थियो ।

पर्सा र बारामा मात्रै एक दर्जनभन्दा बढी मदिरा र बियरका आधिकारिक विक्रेता छन् भने पर्सामा ८५ र बारामा २५ गरी थोक विक्रेता छन् । त्यसैगरी, होटल तथा खुद्रा पसल गरी पर्सामा १५ सय र बारामा ७ सय गरी २२ सय पसल तथा होटल, रेस्टुरेन्टले कारोबार गरिरहेको उनले बताए ।

वीरगंज, आदर्शनगरस्थित टिबडेवाल इम्पेक्सका सञ्चालक दीपक टिबडेवालका अनुसार अहिले सबैभन्दा बढी गोल्डेन ओक, सिग्नेचर, ओल्ड दरबार, ८८४८, रुस्लान भोडका, भर्जिन, विदेशी मदिरामा ब्ल्याक लेबल, रेड लेबल, डबल ब्ल्याक, बियरमा टुबोर्ग, गोर्खा, अर्ना, सिजीको मुस्ताङ, नेपाल आइसलगायत र पेय पदार्थमा कोक, स्प्राइट, ड्यूलगायतको बिक्री अत्यधिक बढेको उनले बताए ।

## विचारसार र सूक्तिहरू

**मानिससँग दुईवटा मात्र बाटो छ – कि दिएर जाऊ वा छाडेर जाऊ । साथ लैजाने कुनै व्यवस्था छैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# घनघोर रँडाको

**अहिले देशमा बार र न्यायालयबीच घनघोर रँडाको चलिरहेको छ । न्यायालयबीच किन भने कुनै पनि संस्था स्वयं केही होइन, त्यसको प्रमुखले गर्दा संस्थाको नाम र सुनाम हुने हो । अहिले प्रधान न्यायाधीश र बारका एकथरी सदस्यहरूबीच घम्साघम्सी परेको छ । बारका सदस्यहरू प्रधानन्यायाधीशलाई राजीनामा गराउन लागिपरेका छन् भने प्रधानन्यायाधीश आफू सर्वगुण सम्पन्न, सबैले पत्याएको, सक्षम भएको दाबी गर्दै राजीनामा नगर्ने सुरमा छन् । यसैबीच बारका अर्काथरी सदस्यहरूले बार र न्यायालयको यस कचिङ्गलले सेवाग्राहीहरू मार्कामा परेको भन्दै छुट्टै आन्दोलन चलाइरहेका छन् । नेपालमा कुनै पनि पेशागत काममा सबै पेशाकर्मी एक ढिक्का भएर राय दिने, कार्यनीति बनाउने भन्ने त उदाहरण नै छैन । किनकि कुनै पनि पेशाकर्मी सङ्गठन स्वयं स्वतन्त्र छैन । कुनै न कुनै रूपमा तिनको पृष्ठभूमिमा राजनीतिक दलहरूको हस्तक्षेप दरिलै हुने गरेको छ । स्वभावतः सबै पेशाकर्मीहरूको आफ्नो पेशाको हकहितका लड्ने सपना न कहिले पूरा हुन सकेको छ, यही स्थिति रहिरहेमा, न भविष्यमा हुने कुनै सम्भावना छ ।**

**विश्व मापदण्डमा भने यस विपरीत अवस्था देखिन्छ । कुनै पनि उच्च तहका व्यक्ति, यदि उनले गर्दा राष्ट्रिय हलचलको अवस्था आउँछ भने व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय र संस्थागत स्वार्थलाई प्राथमिकता दिएर आग्रह–दबाब होस् नहोस् पदबाट राजीनामा दिन्छन् । तर प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले त शुरूमा सम्मानजनक निकास पाए पद छाड्ने कुरा गरे पनि अहिले आफूलाई नितान्त सक्षम भन्दै पद नछाड्ने अड्डी लिन पुगेका छन् । यसमा हस्तक्षेप गर्ने अधिकार सरकारको भए पनि राणाले विभिन्न अवसरमा उनीहरूको हित अनुसार काम गरिदिएको भएर केही बोल्न सकेका छैनन् । यो न्यायालयभित्रको सङ्घर्ष हो, त्यहींबाट टुङ्गिनुपर्छ भन्ने निष्कर्षमा पुगेको छ । व्यक्ति यदि सक्षम छ भने ऊविरुद्ध देशलाई नै थकित पार्नेगरी यस्तो लामो अन्तर्सङ्घर्ष हुने नै थिएन । कहिलेकाहीं व्यक्ति निर्दोष हुँदा पनि जाइलाग्ने शक्तिको अगाडि निहुरिने पर्ने हुन्छ । किनकि त्यसमा सर्वे भवन्तु सुखिनः को भाव समेटिएको हुन्छ । २०४६ सालको आन्दोलनमा राजा वीरेन्द्रले पाइला पछि सार्नु पछाडिको बाध्यता हाम्रा उच्च पदासीनहरूले किन बुझ्दैनन् र देश, जनता र राष्ट्रियतालाई भडखालोमा पारेर भएपनि आफू पदमा बसिरहन चाहन्छन् ।**

**राजनीतिको त्यही रोग अहिले न्यायालयमा देखिएको छ भन्दा के अत्यक्ति होला ? किनकि प्रधानन्यायाधीशका ज्वाइँ, जो सांसदसमेत छैनन्, उनलाई मन्त्री बनाउनुपर्ने बाध्यता स्याल कराउनु र बाख्रा हराउनुमात्र होइन । निश्चय नै चोलेन्द्रजीले आफ्नो उपकारको बदला खोजेका हुन् । अर्थात् न्यायालयलाई राजनीतिको बन्दी बनाउन खोजेका हुन् । न्यायालयबाट कसैउपर कृपा हुनु र कृपा–सागरले सत्तामा त्यसको भागबन्डा खोज्नुजस्तो रुग्ण मानसिकता मानव इतिहासमा अरू के हुन सक्ला ? यस्तो कृत्यविरुद्ध त अहिलेसम्म महाअभियोग नै लागिसक्नुपर्ने हो । सरकारको निर्लज्जताले यस मामिलामा पराकाष्ठा नाघेको छ । सेवाग्राही बिचल्लीमा छन्, अधिवक्ताहरूमा वैचारिक फाँटो आएको छ, तर सरकारलाई भने तातो न भुत्लो । किनभने अहिलेको राजनीति त कुनै पनि क्षेत्रलाई कमजोर पारेर आफू बलियो हुने मानसिकताले ग्रस्त छ । निर्णायक भूमिका खेल्न सक्ने सबै ठाउँ विखण्डित भयो भने सरकारको विरोध कसले गर्ने ?**

# मूल्य, स्तर र सेवाको अनुगमन कसरी गर्ने ?

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**नेपालमा बढ्दो इन्टरनेटको प्रयोगले रिभ्यु प्रणाली सहजै प्रयोग गर्न सकिने सम्भावना बढेर गएको छ । यस्तो गर्न सकिए सरकारी खर्चमा पनि कम ल्याउन सकिन्छ र बजार अनुगमन प्रभावकारी बनाउन सकिन्छ ।**

कुनै बिक्रेताले कुनै उपभोक्तालाई वस्तु बिक्री गर्दा उसले उचित मूल्यमा वस्तु बिक्री गरेको छ कि छैन ? उसले बिक्री गरेको वस्तुमा उल्लेख गरिएका गुणहरू छन् कि छैनन् ? यसैगरी बिक्रेताले उपभोक्ताहरूलाई आवश्यक ग्राहक सेवा उपलब्ध गराएको छ कि छैन ? जस्ता कुराको अनुगमन कसले र कसरी गर्ने ? विकासशील देशहरूमा त्यस्ता कार्यहरूको अनुगमन सरकारले गर्नुपर्छ भन्ने मान्यता हुन्छ । र सोही अनुसार सरकारले सकेसम्म त्यस्ता कुराहरूको अनुगमन गर्छ ।

सरकारले अनुगमन गरेपनि उक्त अनुगमन प्रभावकारी हुन नसकेको पाइएको छ । गलत कार्य गर्ने बिक्रेताहरूलाई कुन स्तरमा र के कस्तो कार्यबाई गर्ने भन्नेबारे कानूनी प्रक्रिया झन्झटिलो भएकोले अनुगमन गर्न गएका निरीक्षकहरू लाभान्वित हुन पुग्छन् र गलत कार्य गर्ने बिक्रेताहरूलाई गलत कार्य गर्दा पाउने सजायबाट जोगिन सजिलो हुन्छ ।

उपरोक्त कारणाहरूले गर्दा विकासशील राष्ट्रहरूमा वस्तुको बिक्री मूल्य, वस्तुको गुणस्तर र ग्राहक सेवा आदिको अनुगमन गर्न कठिन हुन्छ । गलत कार्य गर्ने व्यापारी वा बिक्रेताहरूलाई गलत कार्य गर्न सजिलो हुन्छ । यसले गदाए स्तरहीन वस्तु बढी मूल्यमा बिक्री गरेर गलत कार्य गर्ने व्यापारीहरूलाई छोटो समयमा अत्यधिक धन आर्जन गर्न सजिलो भएको छ । अर्कोतिर उचित र सही कार्य गर्ने व्यापारीहरूलाई व्यापार गर्न कठिन भएको छ किनभने यस किसिमको वातावरणमा गलत कार्य गर्ने व्यापारीसँग प्रतिस्पर्धा गर्न उनीहरूलाई कठिन हुन्छ ।

कुनै गम्भीर अपराध भइरहेको अवस्थाबाहेक सामान्य अवस्थामा विकसित मुलुकहरूमा वस्तुको गुणस्तर, मूल्य र ग्राहक सेवाको अनुगमन बजारले नै गर्छ । अनुगमन कार्यमा केन्द्रीय, क्षेत्रीय वा स्थानीय सरकारको भूमिका नगण्य हुन्छ । अर्थात् बजार अनुगमन बजार वा स्वयं उपभोक्ताहरूले नै गर्छन् । उपभोक्ताहरूले गरेको बजार अनुगमन प्रभावकारी मात्र होइन, उपभोक्ता हित संरक्षणमा सफल भएको देखिएको छ ।

विकसित राष्ट्रहरूमा बजार अनुगमन उपभोक्ता वा बजारले कसरी गर्छ भन्ने बारे चर्चा गर्नुपूर्व ग्राहक सेवाबारे थप छलफल गरौं ।

उपभोक्ताहरूलाई वस्तु वा सेवा बिक्री गर्दा बिक्रेताहरूले थप सुविधा वा सेवा पनि प्रदान गर्नुपर्ने हुन्छ । जस्तै उपभोक्ताले खरीद गरेर लगेको वस्तु फिर्ता गर्न आएमा विनाशर्त वा झन्झट उक्त सामान फिर्ता लिने र त्यसबापत लिएको मूल्य उपभोक्तालाई सोही समयमा फिर्ता गरिदिने । सामान फिर्ता लिन्नँ भन्न नपाइने । बिक्री भएको वस्तु सही अवस्थामा नरहेको स्थितिमा त्यस्तो वस्तु साटेर सही वस्तु दिने । वस्तु साटासाट गरिदिने । वस्तु बिक्री गर्दा वस्तुको प्रयोग विधि वा कुनै विशेष सावधानी लिनुपर्नेछ भने सो कुराको जानकारी खरीदकर्ता (उपभोक्ता) लाई दिने । कुनै वस्तु खास प्रकृतिको छ र त्यसलाई जडान गर्न विशेष दक्षता हासिल गर्नुपर्नेछ भने त्यस किसिमको वस्तु जडान गर्न उपभोक्तालाई सहयोग गर्ने । खास प्रकृतिको वस्तु भएमा त्यस्ता वस्तु घरसम्म लग्न उपभोक्तालाई सहयोग गर्ने । यस किसिमका सेवाहरूलाई ग्राहक सेवा भनिन्छ । वस्तु वा सेवा बिक्री गर्दा क्रेता वा उपभोक्तालाई ग्राहक सेवा प्रदान गर्नु बिक्रेताको कर्तव्य हो । यी कुरा बिक्रेताको स्वेच्छाभित्र पर्ने नभई बिक्रेताको दायित्वभित्र पर्छ ।

विकसित राष्ट्रहरूमा बजार स्वयंले वा उपभोक्ता स्वयंले बजारको कसरी अनुगमन गर्छ वा बिक्रेतालाई सही वस्तु उचित मूल्यमा बिक्री गर्न उपभोक्ताहरू स्वयंले कसरी बाध्य पार्छन् त्यसबारे छोटो चर्चा गरौं ।

**रिभ्यु प्रणाली**

विकसित देशहरूमा बिक्रेता वा बिक्रेता कम्पनीहरूको वस्तु, वस्तुको मूल्य एवं ग्राहक सेवाको रिभ्यु (Review) वा मूल्याङ्कन उपभोक्ता स्वयंले गर्ने चलन छ । आफूले उपभोग गरेको वस्तुबाट सन्तुष्ट भएमा उपभोक्ताले त्यस वस्तुको बिक्रेता वा बिक्रेता कम्पनीलाई सन्तुष्टि जाहेर गर्छ । यसरी उपभोक्ताहरूबाट पाएको उचित प्रतिक्रिया (सन्तुष्टि) हरूको कुल योगबाट वस्तु बिक्रेता वा वस्तु बिक्रेता कम्पनी लोकप्रिय रहेको परिणाम प्राप्त हुन्छ । उपभोक्ताहरूले बिक्रेता वा बिक्रेता कम्पनीको रिभ्यु अनलाइन गर्ने चलन छ । सम्बन्धित बिक्रेताहरूको 'वेब साइट' मा लेखेर उपभोक्ताहरू उनीहरूको कार्य सम्पादन, वस्तुको गुण एवं मूल्यको रिभ्यु गर्छन् ।

कुनै बिक्रेता वा बिक्रेता कम्पनीले (वा कुनै वस्तु वा सेवाले) आफ्नो रिभ्युमा 'फाइभ स्टार' पाएको छ भने त्यो बिक्रेता वा बिक्रेता कम्पनी वा त्यो वस्तु वा सेवा राम्रो रहेको विश्वास गरिन्छ । यसरी रिभ्युद्वारा बजार अनुगमन गर्ने कार्य गरिन्छ । रिभ्युले वस्तुको स्तरीयता र मूल्यको विज्ञापन पनि गर्दछ ।

उपभोक्ताहरू त्यस्ता बिक्रेता वा बिक्रेता कम्पनीबाट वस्तु वा सेवा खरीद गर्छन्, जसले बजारमा आफ्नो छवि राम्रो बनाएको छ वा राम्रो रिभ्यु पाएको छ । यसैगरी उपभोक्ताहरूले त्यस्ता वस्तु वा सेवा खरीद गर्दैनन् जसले राम्रो रिभ्यु पाएको छैन । रिभ्युमा धेरै स्टार (पाँच सम्म) पाएका वस्तुहरूको बिक्री सम्भावना उच्च हुन्छ भने थोरै स्टार (एक वा दुई) पाएका वस्तु वा सेवाको बिक्री हुने सम्भावना निम्न हुन्छ । यसले गर्दा पनि कम्पनीहरू आफ्नो रिभ्यु फाइभ स्टार बनाउने कोशिश हरदम गर्छन् र राम्रो कार्य गरेर बजारमा आफ्नो छवि राम्रो पार्न हरसम्भव प्रयास गर्छन् ।

रिभ्यु प्रणाली खर्चिलो प्रणाली होइन । साथै यसमा सरकार नै पनि सहभागी हुनुपर्दैन । उपभोक्ताहरूबाट नै बजारको अनुगमन यस किसिमबाट हुने भएकोले बिक्रेता एवं आपूर्तिकर्ताहरू बजारमा उचित वस्तु ल्याउन बाध्य हुन्छन् भने निर्माताहरू पनि स्तरीय वस्तु सस्तोमा बिक्री गर्न बजारको वातावरण (रिभ्यु प्रणाली) ले गर्दा बाध्य हुन पुग्छन् ।

सरकार हरेक ठाउँ पुगेर हरेक बिक्रेताको गतिविधि अनुगमन गर्न खर्चिलो मात्र होइन, झन्झटिलो पनि हुन्छ । कतिपय अवस्थामा असम्भव पनि हुन्छ । यसले गर्दा पनि रिभ्यु प्रणाली बजार अनुगमनको लागि प्रभावकारी देखिएको छ । यसले उपभोक्ताहरूको हितको संरक्षण गर्न सकेको छ । र यो असल बिक्रेताहरूको लागि विज्ञापनको एक प्रभावकारी माध्यम पनि हुन पुगेको छ ।

नेपालमा पनि वस्तु वा सेवाको गुण स्तर, मूल्य एवं ग्राहक सेवाको अनुगमन वा मूल्याङ्कन गर्न सकिने प्रशस्त सम्भावना छ । मूल्याङ्कन विधि प्रयोग गरेर बिक्रेता एवं बिक्रेता कम्पनीलाई स्तरीय वस्तु उचित मूल्यमा बिक्री गर्न बाध्य पार्न सकिन्छ । रिभ्यु प्रणालीले बिक्रेताहरूलाई पनि सहयोग पुग्छ, किनभने राम्रो रिभ्यु पाउनु उनीहरूको लागि कसैले विज्ञापन गरिदिए सरह हो ।

नेपालमा बढ्दो इन्टरनेटको प्रयोगले रिभ्यु प्रणाली सहजै प्रयोग गर्न सकिने सम्भावना बढेर गएको छ । यस्तो गर्न सकिए सरकारी खर्चमा पनि कम ल्याउन सकिन्छ र बजार अनुगमन प्रभावकारी बनाउन सकिन्छ ।

# अपाङ्ग दानबहादुरको दैनिकी निकै कष्टकर

प्रस, निजगढ, २९ कात्तिक/

मुलुकमा परिवर्तन आएको, जनताको सरकार बनेको र जनताप्रति उत्तरदायी रहेको जस्ता जतिसुकै भाषण छाटेपनि बारा, निजगढ नगरपालिका–६ सडकटोलका ६८ वर्षीय दानबहादुर तिमल्सिनाको जीवनमा यसले खासै प्रभाव पारेको छैन ।

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, औषधोपचार, रोजगार, सुशासन, शान्ति, सुरक्षा जस्ता आधारभूत कुरा पूरा हुनु नै जनताप्रति उत्तरदायी हुने सामान्य कुराहरू हुन् । यिनै अपाङ्ग दानबहादुरले स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा कैयौंपटक मतदान गरे ।

प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका लागि पटक–पटक जनताको पक्षमा सरकार परिवर्तन गर्न उनी पनि अरू सरह सडकमा कैंयौपटक देखिए । तर आज उनी पूर्ण अशक्त हुँदा र दैनिक जीवन गुजरा मात्र होइन, औषधि खान नपाएर दिनरात छटपटाइरहेका छन् ।

तर राजनीतिक दल, आफूहरूलाई राजनीतिकर्मी, समाजसेवी भन्नेहरूको उचित ध्यान उनको दैनिकीलाई नियाल्न अझै पनि भ्याइरहेको भेटिएन । सिंहदरबारको सम्पूर्ण अधिकार स्थानीय तह अर्थात् स्थानीय सरकार भने पनि कुनै आम्दानीको स्रोत नभएका उनै दानबहादुरले जग्गा बेचेर घामपानी छल्न, हुरीबतासमा ओत लाग्न जस्तापातासहितको चार कोठे पक्की घर बनाउन थाले पनि अझै पूरा हुन सकेको छैन ।

१० धुर जग्गा बेचेर आठ धुर जग्गा किनेको जमीनमा निजगढ नगरपालिका–



दानबहादुर तिमल्सिना । तस्वीरः प्रतीक

६ वडा कार्यालयले घर बनाउन चार लाख रुपैयाँ आर्थिक सहयोग गरेको वडाध्यक्ष कुशबहादुर थापाले बताए । जस्ताको छाना छाउन रकम नपुगेपछि नगरप्रमुख सुरेशकुमार खनाल, उपप्रमुख लीलादेवी लामिछाने, प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्की निर्माणाधीन घरमा आई थप रु एक लाख आर्थिक सहयोग गरेको वडाध्यक्ष थापाले बताए । नगरपालिकाले दिएको सो रकम भने पर्याप्त होइन । लगभग १२/१३ लाखमा घर सम्पन्न हुने भएपनि बाँकी नपुग रकम भने, जग्गा बेचेर रहेको करीब आठ लाख रकम यसै घर बनाउन खर्च गरिएको अपाङ्ग दानबहादुरले बताए । ओत लाग्न घर त बन्यो । अब बिहान–बेलुकी छाक टार्न उनलाई मुश्किल छ । घरछिमेकीको दया, मायाले कैयौंपटक उनको चुलो बलेको छ ।

२०४२ सालमा माछा मार्ने क्रममा विष्फोटक पदार्थ हत्केलामा पड्केर उनको दाहिने हातको पञ्जा गुमेको थियो । सद्दे शरीर अपाङ्ग भएको पीडा जो कसैको जीवनमा पनि नमीठो स्मरण पक्कै रहिरहन्छ । दाहिने हातको हत्केला गुमे पनि अर्को देब्रे हातको सहारामा गाउँघरमा ज्याला बोहोनी, मजदूर गर्दै आइरहेका वृद्ध दानबहादुरको जीवनमा अर्को कहिल्यै भुल्न नसक्ने गरी पूर्ण अशक्त हुने गरी बज्रपात भयो । गाउँकै एक तोरी पेल्ने मिलमा काम गर्दै जीवन गुजारा गरिरहेका उनको हात चार वर्षअघि मिलको फित्तामा बेरिन पुग्यो । हात त पूरै काम नलाग्ने गरी गुमाउनुपर्‍यो भने, शरीरको ढाड, पिठ्यूँमा पनि गहिरो चोट लाग्यो । त्यस बखतको उनको एकतर्फको आठवटा करङ भाँच्चिएको उनकी ५० वर्षीया पत्नी कृष्णमाया तिमल्सिनाले बताइन् ।

एउटा हातको हत्केला गुमे पनि खेतबारीमा कोदालो चलाउन, बन्चरोले दाउरा चिर्न सद्दे मानिस सरह काम गर्दै आइरहेकोमा अर्को हात पनि गुमेर पूर्ण अशक्त भएपछि उनको दैनिकी जीवन निकै कष्टकर हुँदै आएको विष्णु श्रेष्ठले बताए ।

"शरीरको भित्री भागको घाउ अझै निको भएको छैन । पाँच/सात दिनअघि शरीर साह्रै दुख्यो । तेलले मालिस गरिदेउ भनेर भन्नुभयो ।

मालिस गर्दा एउटा करङ भाँच्चिएर शरीरभित्र झर्‍यो," कृष्णमायाले गहँभरि आँसु पार्दै भनिन्, "२०४३ सालमा उनीसँग माया प्रेम बसेर आउँदा दाहिने हातको हत्केला थिएन । चार वर्षयतादेखि उनको दुवै हात गुम्यो । कहिले दिनभरि, कहिले रातभरि दुखेर रुनुहुन्छ । उहाँको दुखाइ बाँडेर लिन मिल्ने भए आधा बाँडेर लिन्थें । मिल्दैन रहेछ । उहाँलाई सास्ती, मेरो कर्म यस्तै रहेछ ।" भगवान्ले पनि हामी गरीबलाई नै सारा संसारको दुःख, कष्ट थुपारिदिएको उनी गुनासो गर्छिन् । "हे भगवान ! अझै दुःख दिनुहोस् । म

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# चालक अनुमतिपत्रका लागि आवेदन दिन तीन सातामा चार लाख

काठमाडौं, २९ कात्तिक/रासस

लामो समयसम्म अवरुद्ध रहेको चालक अनुमतिपत्र भर्नेको सङ्ख्या तीन सातामा नै झन्डै चार लाख पुगेको छ।



तस्वीरः प्रतीक

यातायात व्यवस्था विभागले कात्तिक ८ गतेदेखि आवेदन पुनः खुलाएको थियो। दुई वर्षयता नियमितरूपमा सेवा चालू नभएकाले पनि थोरै समयमा धेरैको आवेदन परेको यातायात व्यवस्था विभागले जनाएको छ। कात्तिकभन्दा पहिलेसम्म झन्डै दुई लाख आवेदन दिएकाको परीक्षा लिन बाँकी रहेकामा अहिले त्यो सङ्ख्या झन्डै छ लाखको हाराहारीमा पुगेको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताए।

कोभिड सङ्क्रमणका कारण यातायात व्यवस्था कार्यालयले परीक्षा लिने अवस्था नहुँदा आवेदन स्थगित गरिएको थियो। विभागले आवेदन लिइरहँदा यातायात व्यवस्था कार्यालयले पनि नियमितरूपमा परीक्षा सञ्चालन गरिरहेको छ। दैनिकरूपमा नयाँ आवेदन दिने बढिरहेको विभागका प्रवक्ता डा भुसालले बताए।

कात्तिकको दोस्रो सातादेखि नै आवेदन पुनः खुलाइएको भएपनि बीचमा झन्डै चार दिन अवरुद्ध भएको थियो। एकैपटक धेरै सेवाग्राहीले आवेदन भर्न खोज्दा समस्या आएको प्रवक्ता भुसालले बताए।

गत वर्ष पनि विभागले अनलाइन फाराम खुलाउना साथ भर्न नसकिने समस्या देखिएको थियो।

सेवाग्राहीको चापका आधारमा पनि सफ्टवेयरको क्षमता बढाइएकाले अहिले समस्या नआएको विभागले जनाएको छ। उनले भने, "अहिले अद्यावधि गरेपछि फाराम बुझाउन सकिएन भन्ने गुनासो छैन।"

विसं २०७६ चैतमा कोभिडका कारण सरकारले बन्दाबन्दी लागू गरेसँगै नयाँ चालक अनुमतिपत्रको परीक्षा रोकिएको थियो। गत वर्ष माघमा सङ्क्रमण कम भएको भन्दै अनलाइन फाराम खुलाइएको भएपनि सङ्क्रमण पुनः बढेपछि स्थगित भएको थियो। दुई वर्षयता नियमितरूपमा परीक्षा हुन नसकेकाले धेरै सेवाग्राही परीक्षामा सहभागी हुन पाइरहेका छैनन्।

# परिवार दल पर्साको अधिवेशन

प्रस, परवानीपुर, २९ कात्तिक/

एकनारायण ढकाल अध्यक्ष रहेको नेपाल परिवार दलको दोस्रो अधिवेशन पर्सामा सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

वीरगंजमा सम्पन्न अधिवेशनले पल्टनप्रसाद पटेलको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला समिति चयन गरेको छ।

समितिको उपाध्यक्ष खुबा यादव, सचिव दूधनाथ चौहान, कोषाध्यक्ष बालिष्टर पटेललगायत सदस्यहरू छन्। दोस्रो अधिवेशनको उद्घाटन लोसपाका नेता प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले गरेका थिए।

# तीर्थयात्री बोकेको बोलेरो दुर्घटना : तीनजनाको मृत्यु, १४ घाइते

ओखलढुङ्गा, २९ कात्तिक/रासस

तीर्थयात्री बोकेको बोलेरो दुर्घटना हुँदा तीनजनाको घटनास्थलमैं मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

प्रदेश नम्बर ३ को ०१०२२ च ९६९४ नम्बरको बोलेरो सुनकोशी गाउँपालिका–९ को शिकारीडाँडामा सोमवार बिहान दुर्घटना भएको थियो। बलेरोमा यहाँस्थित चम्पादेवी ककनी मन्दिर दर्शन तथा एकादशी मेला भर्न जाने भक्तजन रहेको बताइएको छ।

जिल्ला प्रहरी प्रमुख गोविन्दराज काफ्लेका अनुसार मृत्यु हुनेमा सिद्धिचरण नगरपालिका–१० बेतिनी रूप्सेका ३५ वर्षीया मिठुमाया मगर, सोही ठाउँका अन्दाजी १७ वर्षीया तुलसा मगर र उमेर नखुलेका खगेन्द्र मगर र थप एकजनाको उपचारका क्रममा मृत्यु भएको र उनको पहिचान हुन सकेको छैन।

प्रहरी प्रमुख काफ्लेले बलेरोमा १८ जना सवार रहेका र बलेरो सडकबाट करीब ६०० मिटर तल झरेको बताए। दुर्घटनाका गम्भीर घाइतेलाई उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौं पठाइएको सुनकोशी–९ का अध्यक्ष झनककुमार कार्कीले जानकारी दिए। दुर्घटनालगत्तै प्रहरी चौकी कोषहाट र स्थानीयले घाइतेको उद्धार गरेका थिए। अन्य घाइतेको ओखलढुङ्गा सामुदायिक अस्पतालमा उपचार भइरहेको छ। जिल्लाको सुनकोशी–९ र चम्पादेवी गाउँपालिका–९ को सिमानामा पर्ने ककनी मन्दिरमा बर्सेनि भक्तजनको भीड लाग्ने गर्दछ।

एकादशीका अवसरमा एक साताभन्दा बढी मेला लाग्ने ककनी दर्शन गर्न ओखलढुङ्गा, सिन्धुली, रामेछाप, उदयपुर र सोलुखुम्बलगायत स्थानबाट भक्तजन आउने गरेका छन्।

# मनाइयो हरिबोधिनी एकादशी पर्व

काठमाडौं, २९ कात्तिक/

भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको दामोदरसँग विवाह र विशेष पूजा गरी हरिबोधिनी वा ठूलो एकादशी पर्व मनाइएको छ। प्रत्येक वर्ष कात्तिक शुक्ल एकादशीका दिन यो पर्व मनाउने गरिन्छ। आज तुलसीको दामोदर अर्थात् भगवान् विष्णुसँग विवाह गरेपछि चार महीना लामो व्रत उद्यापनका लागि भोलिदेखि वैदिक सनातन धर्मावलम्बीले घरघरमा हवन गर्छन्। भोलिदेखि मार्गशीर्ष कृष्ण पञ्चमीसम्म तुलसी पूजाको उद्यापनका लागि हवनसहित पूजा आराधना गर्न जुराउनुपर्दैन।

आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु आजै ब्यूँझिने भएकाले कात्तिक शुक्ल एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ। हरिशयनीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महीना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन्। तुलसीमठनजीकै विष्णुको प्रतीकका रूपमा निगालाको लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ। कात्तिक महीनाभर सबै देवदेवी तुलसीमैं निवास गर्छन् भन्ने धार्मिक विश्वास छ।

आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिकरूपमा पनि लाभदायक प्रमाणित भएको छ। यसैले तुलसीमठ हुने घरलाई तीर्थ समान मानिन्छ। तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ। तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण वैदिक सनातन हिन्दू धर्मावलम्बीले घरमा तुलसीमठ बनाउँछन्।

तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी र औलोलगायत रोगका लागि औषधि हुन्छ। यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन। तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प आउँदैन। मठको वरपर बहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ। शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महाऔषधि मानिन्छ।

कार्तिक महीनामा तुलसीको माला

(बाँकी पाँचौं पातामा)

# जीतपुर काङ्ग्रेसको वडा अधिवेशन

प्रस, जीतपुर, २९ कात्तिक/

संविधानसभा सदस्य तथा नेपाली काङ्ग्रेसका नेता डा शोभाकर पराजुलीले उपमहानगरपालिकाद्वारा सिमरामा आयोजित वडा अधिवेशनको उद्घाटन सत्रका प्रमुख अतिथि डा पराजुलीले सो


तस्वीरः प्रतीक

मतदाता कुनै दलका दास होइनन्, निर्णायक हुन् र मतदाताहरूको दिल, मन जितेर उनीहरूको चाहनाबमोजिम नेपाल तथा नेपालीहरूको हकहित तथा संरक्षण, विकासमा सधैं अग्रसर हुनु नै निर्वाचित जनप्रतिनिधिहरूको मुख्य दायित्व भएको बताएका छन्।

नेपाली काङ्ग्रेस जीतपुरसिमरा कुरा बताएका हुन्। उद्घाटन समारोहमा समाजसेवी हरि अधिकारी, इच्छाबहादुर वाग्ले, ओमकृष्ण कार्की, नारायणी रायमाझीलगायतले वडा अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए।

वडा अधिवेशन पुष्कर रायमाझीको अध्यक्षतामा भएको थियो।

# संवैधानिक व्यवस्था अनुसार नागरिकता नपाउँदा समस्या

काठमाडौं, २९ कात्तिक/रासस

संविधान अनुसार नागरिकता पाउनयोग्य नागरिकका लागि समयमैं कानूनको तर्जुमा नहुँदा नागरिकताविहीनका परिवारमा पनि समस्या बढ्न थालेको छ।

धनुषा जिल्लास्थित गणेशमान सारनाथ नगरपालिका–३ का इन्द्रजीत साफी संविधान बनेको एक वर्षमैं बनाइसक्नुपर्ने कानून छ वर्षसम्म पनि नबनाइदिंदा आफूजस्ता थुप्रै नागरिकताविहीन बन्नुपरेको बताउँछन्। महिला, कानून र विकास मञ्चले सोमवार जूम प्रविधिबाट नागरिकता समस्याका विषयमा सञ्चारकर्मीसँग आयोजित छलफल कार्यक्रममा उनले अब आन्दोलनमा उत्रनुको विकल्प नभएको गुनासो गरे।

पीडित साफीले यस मञ्चले कुरा उठाए पनि उपलब्धि हुन नसकेकाले नागरिकताविहीन राजधानीमा जम्मा भएर विरोध कार्यक्रम आयोजना गर्नुपर्ने बाध्यता आएको बताउँछन्। नागरिकता नभएकाले इन्जिनीयर पढेर पनि काम पाउन नसकेको उनीजस्ता अन्य युवाको पनि गुनासो छ। नागरिकता नभएकाले नेपालमा उच्च शिक्षा अध्ययन गर्न नपाई भारतमा पढ्न जाँदा दुईपटक समातिएर थुनिएको र कलेजको प्रमाणपत्र देखाएपछि मात्र छुटेको पीडा साफीसँग छ।

साफीका चार भाइले १२ कक्षासम्मको अध्ययन गरेका छन्। बहिनीले स्नातक अध्ययन गर्दैछिन् तर नागरिकता नभएकैले कसैले पनि सामान्य रोजगारसमेत पाउन सकेका छैनन्।

नागरिकता नपाएकैले बेरोजगारीका कारण परिवारका सबै सदस्य मानसिक तनावमा रहेको साफीको भनाइ छ। उनले नागरिकताका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेको दुई वर्ष भयो, पेसीमा मात्र राखेर सुनुवाइ नहुँदा परिवार समस्यामा परेको छ। बैंक खाता, व्यवसाय दर्तालगायत कामका लागि पनि नागरिकता चाहिन्छ।

नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकाका कासिम अन्सारीको समस्या पनि उस्तै छ। नागरिकता नभएकैले पढ्न र काम पाउनसमेत नसकेको दुःखेसो उनी पोख्छन्। उक्त गाउँपालिकामा नागरिकता नभएका धेरै रहेको उनी सुनाउँछन्।

विराटनगर महानगरपालिकाका अजय पोद्दारको नागरिकता बनिसकेको थियो। नागरिकता दिनुअघि कर्मचारीले रु १० हजार मागे। आफ्नो देशको नागरिकता लिन किन पैसा तिर्ने ? भन्ने प्रश्न कर्मचारीसँग गरेकै कारण कागज मिलेन भन्दै उनलाई नागरिकता दिन झुलाइएको रहेछ।

नागरिकता नभएकैले आफूले पाएको कामबाट हट्नुपरेको पीडा पोद्दार सुनाउँछन्। नवलपरासीको कावासोती निवासी परिचय खुलाउन नचाहने एक महिलालाई वडा कार्यालयले नागरिकता चाहिने भए विवाह गर भनी सुझाइयो। अहिले नै विवाह गर्न नचाहने उनी नागरिकता पाउनकै लागि विवाह गर भन्ने स्थानीय सरकारका प्रतिनिधिप्रति अहिले पनि आक्रोश पोख्छिन्।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठ संविधान अनुसार नागरिक भएकालाई पनि कानूनले रोकेकाले समस्या बढ्दै गएको बताउँछन्। संविधानको भावना अनुसारको कानून पारित गरेर समस्या समाधान गर्न राज्य व्यवस्था तथा सुशासन समितिलाई पटक–पटक आग्रह गरिएको पनि उनी जानकारी गराउँछन्।

विसं २०६८ को जनगणना र गृह मन्त्रालयले वार्षिकरूपमा वितरण गर्ने गरेको नागरिकताको प्रतिलिपिको तुलनात्मकरूपमा अध्ययन गर्दा वार्षिक साढे दुई लाखजनाले नागरिकता नपाउने गरेको तथ्याङ्क निस्कने गरेको अधिवक्तासमेत रहेका निर्देशक श्रेष्ठ बताउँछन्।

मन्त्रालयले तीन लाख ७० हजारजनालाई वार्षिकरूपमा नागरिकता बाँड्ने गरेको छ। प्रत्येक वर्ष १६ वर्ष उमेर पुग्ने साढे छ लाख जनसङ्ख्या देखिन्छ तर संसद्को असफलताले नागरिकताको कानून पारित हुन नसकेको उनको भनाइ छ।

# एक पालिका, एक दमकल

ओखलढुङ्गा, २९ कात्तिक/रासस

प्रदेश १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले प्रदेशका सबै पालिकामा दमकलको व्यवस्था गर्ने सरकारको नीति रहेको जानकारी दिएका छन्। जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी र सरोकारवालाबीच आइतवार सम्पन्न अन्तर्क्रियामा उनले सरकारले 'एक पालिका एक दमकल' को अवधारणा अगाडि सारेको बताए।

"जिल्लामा आइपरेका विपद् व्यवस्थापन गर्न स्रोत–साधन अभाव भए तत्काल प्रदेश सरकारलाई माग पठाउनुहोला"–उनले भने।

कार्यक्रममा पालिका प्रमुख र उपप्रमुखले हाल सिद्धिचरण नगरपालिकामा मात्र दमकल रहेको र अन्य स्थानीय तहमा नभएको जानकारी दिएका थिए।

जिल्ला समन्वय समिति प्रमुख जयबहादुर श्रेष्ठले आगलागीबाट जिल्लामा बर्सेनि सामुदायिक तथा निजी वन, सार्वजनिक र निजी सम्पत्ति तथा जनधनको क्षति हुने गरेको बताए।




**हार्भेस्टरले सुविधाः** सखुवाप्रसौनी गाउँपालिका–२ प्रसौनीटोलमा हार्भेस्टरको प्रयोगबाट धान भित्र्याउँदै किसान। हार्भेस्टरको प्रयोग पछिल्लो समय पर्सा जिल्लामा धान, गहुँ खेतीमा बढेको छ। चारैतिर हार्भेस्टरबाट खेती हुन थालेपछि अहिले किसानलाई निकै सहज भएको छ। प्रतिकट्ठा २० किलो धान वा सोबराबर प्रतिकिलो २३ रुपैयाँको दरले रकम लिएर हार्भेस्टरबाट धान भित्र्याइँदै छ। हार्भेस्टरले सवा घण्टामा दुई बिघा खेती भ्याउँदै आएको किसानहरू बताउँछन्। तस्वीरः प्रमोद यादव

# सभ्यताको शुभारम्भ

युग परिवर्तन: कसरी र कब

> **विज्ञजन सदादेखि यस कुरामा चिन्तित र प्रयत्नशील रहेका छन् कि जन–जनलाई मानव–मर्यादा सिकाउने पाठ शिष्टाचारका रूपमा पढाइयोस् । यदि यो बीजारोपण सही प्रकारले सम्भव भयो भने व्यक्ति माभिन्छ ।**

## अवरोधको निराकरण त आवश्यक छ

फुर्तिलो र तन्दुरुस्त रहनुलाई सभ्यताको श्री गणेश मान्न सकिन्छ । शरीरले फुर्तिलो र मनले दुरुस्त रहने अभ्यास त्यसैगरी गराउनुपर्छ जसरी आहार, विहार, निद्रा, स्नान, मलमूत्र विसर्जनजस्ता कार्य गराइन्छ । त्यसमा कमी वा गडबडी तब मात्र हुन्छ, जब व्यक्तिले जागरूकताको मौलिक विशेषताबाट आफूलाई वञ्चित राख्दछ । तन्द्राग्रस्त व्यक्तिको सबै काम छरपस्ट हुन्छ । गहिरो निद्रामा सुतेको मानिस आफ्नो ठाउँमा सही हुन्छ । पूर्ण जागृति अवस्थामा मानिस सजग भएर आफ्नो काम पूरा गर्दै अभीष्ट उपलब्धि अर्जित गर्दछ । मध्यवर्ती स्थिति राम्रो हुँदैन । त्यसमा अर्ध–जागृत र अर्ध–प्रसुप्तजस्तो अवस्थामा शरीर–क्रिया र मन:चेतना कसैगरी घस्रिरहेको हुन्छ ।

यस्तो स्थितिलाई प्रकारान्तरले नशाको धङधडीमा डुबेको मानिसको समतुल्य मान्न सकिन्छ । धङधडी मानिसको त्यो विचित्र स्थिति हो, जसलाई न जागृत भन्न सकिन्छ, न सुषुप्त नै । त्यस स्थितिमा उसको विचित्र करतूत देखेर मानिसलाई आश्चर्य हुन्छ कि त्यसलाई के भन्ने ? के मान्ने ? अल्छी र प्रमादी मानिसहरूको प्राय: यस्तै बानी हुन्छ । अफीम खाने मानिस कुनै कुनामा विचित्र सनकी अवस्थामा रल्लिइरहन्छ । यो सनकी अवस्थाको उत्कर्ष स्थिति हो; जुन नराम्रो लाग्छ र बुझिन्छ पनि, तर त्यसभन्दा हलुको स्तरको सनक अरू पनि हुन्छ । त्यसमा रल्लिएको मानिस सामान्य कर्तव्य र उत्तरदायित्व पनि बिर्सन्छ । यस्तालाई विचित्र प्रकारको अज्ञानता वा सनक भन्न सकिन्छ, जुन मानवोचित रीतिनीति अँगाल्न प्रमाद गरेर असभ्यस्तरका बन्न पुग्दछ ।

शिक्षा प्राप्त गर्ने इच्छुकहरूका लागि वर्णमाला घोक्नु जति आवश्यक छ, त्यसभन्दा बढी आवश्यक छ उनीहरूमा सभ्यताको श्रीगणेश । त्यस अनिवार्य आवश्यकताको उपेक्षा गर्दा सभ्य जगत्मा प्रचलित कुनै पनि अभ्युदय, उत्कर्षको लाभ प्राप्त गर्न कठिन मात्र होइन, असम्भव नै हुन्छ । त्यस्ता व्यक्तिका लागि अनाचार मात्र एउटा बाटो बन्न पुग्छ ।

आजको दिनमा अर्थोपार्जनले प्राथमिकता प्राप्त गरेको छ, तर त्यसमा पनि खरीद गर्ने ग्राहकबाट, स्टकिस्टबाट, पसल चलाउने कर्मचारीसित व्यवहार त गर्नैपर्छ । जुन अभद्र स्वभाव अभ्यास बनिसकेको हुन्छ, त्यसले सम्पर्कमा आउने सबैलाई उत्तेजित पार्छ । यही कुरा घर–गृहस्थीको सम्बन्धमा पनि हुन्छ । परिजनका साथ उपेक्षा, कटुता वा तिरस्कारपूर्ण व्यवहार गरिन्छ भने उनीहरू त यथासम्भव सहन गर्ने प्रयत्न गर्छन् । विवाद वा कटुताबाट जोगिने कुनै उपाय नभएपछि उनीहरू पर–पर हुन थाल्छन् । फलत: हाँस्ने–हँसाउने, विचार विनिमय र सुव्यवस्था बनाउने अवसर हातबाट उम्कन्छ । दुवै पक्षबीच यस्तो खाडल बन्न पुग्छ र फराकिलो बन्दै जान्छ कि एकाघरमा बसेर, एउटै भान्सामा खाएर, नितन्ता भिन्न व्यक्ति धर्मशालामा बसेसरह सबैथोक पराइ, हीन र अनिच्छित देखिन्छ ।

कारखाना, कार्यालयहरूमा यही स्थिति चल्ने हो भने त बुझ्नुपर्छ कि साधन, सहयोग अभावमा उत्पादन घट्छ । भइरहेको काममा असङ्ख्य त्रुटि भइरहन्छ । परस्पर साधन–सम्मानको मन:स्थिति नहुँदा उपेक्षा त भोग्नैपर्छ, ईर्ष्या पनि उम्रिरहन्छ र ताक परेमा प्रहार नगरी रहन्न । यस्ता मानिस कार्यालय, कारखाना मालिकका लागि, मजदूरहरूका लागि, ग्राहकका लागि, सम्बन्धीहरूका लागि भारभूत मात्र बन्न पुग्छन् । भित्री असन्तोषले गर्दा कोही कसैलाई सन्तुष्टि दिने स्थितिमा हुँदैन । यसरी सभ्यताको अभावमा मानिस समस्याको तिललाई ताड र बालुवाकणलाई पहाड बनाइदिन्छ ।

विज्ञजन सदादेखि यस कुरामा चिन्तित र प्रयत्नशील रहेका छन् कि जन–जनलाई मानव–मर्यादा सिकाउने पाठ शिष्टाचारका रूपमा पढाइयोस् । यदि यो बीजारोपण सही प्रकारले सम्भव भयो भने व्यक्ति माभिन्छ । ऊभित्र विद्यमान अनेकानेक क्षमता, दक्षताहरू अझ विकसित हुने अवसर प्राप्त हुन्छ । फलत: उसले जुन पनि काम हातमा लिन्छ त्यसलाई उचित किसिमले गर्ने र सफलताको उच्चसतरसम्म पुग्ने सुयोग क्रमश: प्राप्त भइरहन्छ । यदि यो मौलिक कमी रहिरह्यो भने स्थिति यस्तै बनिरहन्छ र राम्रा बीउ नरोप्दा, मल–पानी आदिको व्यवस्था भइरहँदा पनि निराशाबाहेक केही हात लाग्नेछैन ।

कसैको व्यवसाय कस्तै किन नहोस्, प्रत्येक अवस्थामा मानिससँग सम्बन्ध त राख्नैपर्छ । यसका लागि फुर्तिलो र तन्दुरुस्त बानी विकसित भएको हुनैपर्छ । अन्यथा मानिसले तिरस्कार गर्नेछन्, मूर्ख बनाउनेछन्, घाटामा पारिदिनेछन् र असहयोगजन्य अनेकानेक प्रत्यक्ष–परोक्ष कठिनाईहरूको कारण बनाइदिनेछन् । दोषारोपण अरूमाथि पनि गर्न सकिन्छ; तर आफूलाई सर्वथा निर्दोष मान्नु र अरूलाई नै सारा गडबडीको कारण मान्नु यस्तो नराम्रो बानी हो, जसबाट अवरोधको समाधान त निस्कँदैन नै, उल्टै समस्या झन् बल्झिन्छ ।

मानवी प्रतिभामा प्रवेश गर्नेबित्तिकै त्यससँग जोडिएका आरम्भिक कर्तव्य र उत्तरदायित्वहरू बुझ्नु र अँगाल्नु अनिवार्यरूपले आवश्यक छ । यसबाहेक जीवनको कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न सक्नु त टाढा, सभ्य समाजको सदस्य कहलिन पनि कठिन हुन्छ । त्यस अभावमा उपेक्षा, भर्त्सना र अवनतिबाहेक केही हात लाग्दैन । यस तथ्यलाई जिम्मेदारी आरम्भ भएदेखि मरणकालसम्म स्मरण गर्नुपर्छ । आफूलाई यस स्तरमा बनाउनुपर्छ, साथै जोसँग आफ्नो घनिष्ठता हुन्छ उसलाई पनि त्यसै अनुपातमा सहमत मात्र होइन, अपितु बाधित पनि पार्नुपर्छ कि उसले लोक व्यवहारमा शिष्टाचारको गहिरो लगाव राख्ने विद्या अँगालोस् ।

# भरतपुर अस्पतालमा रोटरी स्पाइनल इन्जुरी सेन्टर निर्माण शुरू

चितवन, २९ कात्तिक/रासस

मेरुदण्डमा समस्या देखिएका बिरामीको उपचारका लागि रोटरी क्लबको अगुवाइमा भरतपुर अस्पताल परिसरमा रोटरी स्पाइनल इन्जुरी सेन्टर निर्माण काम थालिएको छ । सोमवार जग पूजा गरेर निर्माण कार्य थालिएको हो । चितवनका छ, नवलपरासीका दुई र ललितपुरको एक गरी आठवटा क्लबले आर्थिक सङ्कलन गरी सेन्टर निर्माण गर्न लागेका हुन् । निर्माण समितिका संयोजक उत्तमलाल चुकेका अनुसार रु छ करोडमा सेन्टर निर्माण गर्ने तयारी गरिएको छ । शुरूमा २५ शय्या र पछि ५० शय्या बनाइने उनले जानकारी दिए । रोटरी क्लबसँगै स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँग सहयोग सङ्कलन गरिने चुकेले जानकारी दिए ।



तस्वीर: फाइल

रोटरी क्लब अफ चितवन रत्ननगर, नारायणगढ, भरतपुर, नारायणी मिडटाउन, गैंडाकोट, पूर्वी चितवन, कावासोती र जावलाखेलको संयुक्त परियोजनाको रूपमा सेन्टर अघि बढाइएको हो । रोटरी क्लब अफ रत्ननगरका पूर्वअध्यक्ष जनक पौडेलले निर्माण सम्पन्न भएसँगै भरतपुर अस्पताललाई हस्तान्तरण गरिने बताए । एक वर्षभित्र निर्माण काम सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए ।

मेरुदण्डका बिरामी राखिने भएकाले भुइँ तला मात्र बनाइनेछ । अस्पताललाई हस्तान्तरणपछि पनि आवश्यक सहयोग रोटरीले गर्ने पौडेलको भनाइ छ । भरतपुर अस्पतालमा यसअघि नै २०६९ असार १ गतेदेखि स्पाइनल सेन्टर सञ्चालन गरिएको थियो । हाल १० शय्याको सो सेन्टर कोभिडका कारण अन्य विभागमा गाभेर सञ्चालन गरिएको छ ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेल स्पाइनलविज्ञसमेत हुन् ।

अस्पतालको पाँच कट्ठा जमीनमा सेन्टर निर्माण थालिएको हो । यसले स्पाइनलमा समस्या भएका बिरामीको उपचारमा सघाउ पुग्ने पौडेलको भनाइ छ । भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारीका अनुसार निर्माणपछि यसको सञ्चालन विकास समितिले नै गर्नेछ । सेन्टर पूर्णरूपमा निर्माण गरी उपकरणसहित जडान गरेर रोटरीले अस्पताललाई हस्तान्तरण गर्ने उनले जानकारी दिए ।

सेन्टरलाई उपचारसँगै पुनर्स्थापना केन्द्रको रूपमा विकास गरिनेछ । मेरुदण्डका बिरामीमा अन्य समस्या भएमा अस्पतालमैं उपचार गर्न सकिने भएकोले यो सेन्टर निकै प्रभावकारी हुने अधिकारीको भनाइ छ । सरकार आफैंले गर्नुपर्ने काम रोटरीको अगुवाइमा हुन लागेको भन्दै उनले सबैलाई आवश्यक सहयोगका लागि अनुरोध गरे ।

# सर्वोच्चमा अदालतमा तोकियो सबैखाले मुद्दामा पेसी

काठमाडौं, २९ कात्तिक/रासस

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले आज पनि बन्दी प्रत्यक्षीकरणसहित सबै खालका मुद्दामा सुनुवाइका लागि पेसी तोकेका छन् । दशवटा इजलासमा पेसी तोकेका उनले आफ्ना लागि भने पूर्ण एकल इजलासमा पेसी तोकेका छन् । आठवटा संयुक्त र दुईवटा एकल इजलासमा पेसी तोकिए पनि मुद्दाको सुनुवाइ प्रारम्भ भने भएको छैन ।



तस्वीर: फाइल

यही कात्तिक ७ गते आइतवार मध्याह्नदेखि प्रधानन्यायाधीशमाथि मन्त्रिमण्डल विस्तारमा भाग खोजेको भन्ने आरोपका कारण न्यायालयमा प्रश्न उठेको र उक्त प्रश्नको जवाफको माग गर्दै न्यायाधीशले सुनुवाइ गर्न इन्कार गर्दै आएका छन् । यही कारण सर्वोच्च अदालतमा यही कात्तिक ८ गतेदेखि मुद्दाको सुनुवाइ हुन नसके पनि बीचबीचमा बन्दीको मुद्दामा मात्र सुनुवाइ हुँदै आएको छ ।

प्रधानन्यायाधीश राणाले आफूलाई संविधान र कानूनले प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी दिएको र त्यो पूरा गर्न आफू सक्षम रहेको बताउँदै न्यायाधीशलाई पनि संविधान र कानूनबमोजिम आआफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गरेका छन् ।

## फरक समाचार

# बन्दागोभी हानिकारक हुन सक्छ

बन्दागोभी (पत्तागोभी)मा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ, जसले रोगबाट बचाउँछ, रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । तर यो बन्दागोभीले ज्यान पनि लिन सक्छ । यसमा पाइने कीराले मस्तिष्कमा यस्तो क्षति पुऱ्याउँछ, जसबाट निको हुन निकै कठिन हुन्छ । त्यसैले धेरै मानिस बन्दागोभी खानबाट बच्न थालेका छन् । बन्दागोभीमा पाइने टेपवर्म कीरा कहाँबाट आउँछ, यो किन खतरनाक छ र यसबाट कसरी बच्ने ? यो सबै जान्नु धेरै महत्त्वपूर्ण छ ।



**भारतमा सबैभन्दा धेरै मामिला**

बन्दागोभीमा पाइने टेपवर्म कीराले मानिसको दिमागमा पार्ने खतरनाक प्रभावका घटना विश्वका धेरै ठाउँबाट बाहिर आए पनि भारतमा यसका मामिलाहरू सबैभन्दा बढी छन् । यो टेपवर्म सङ्क्रमण जनावरको मलमा पाइने कीराहरूबाट फैलिन्छ । यो पानीसँगै जमीनमा पुग्छ र काँचो तरकारीको माध्यमबाट हाम्रो शरीरमा प्रवेश गर्छ । काँचो बन्दागोभीमा टेपवर्म पनि हुन्छ, जुन पटक–पटक धोए पनि बाहिर निस्कँदैन ।

**टेपवर्मले मस्तिष्क र आन्द्रामा आक्रमण गर्छ**

टेपवर्मले आन्द्रा र मस्तिष्कमा आक्रमण गर्छ । सामान्यतया आन्द्राले एक वा दुई टेपवर्मको आक्रमणलाई सहन सक्छ, तर मस्तिष्कमा यस्तो आक्रमण धेरै खतरनाक साबित हुन्छ । हाम्रो आन्द्रा र मस्तिष्कमा पुगेपछि यी कीराहरूले त्यहाँ अन्डा पार्छन्, जुन शरीरभरि फैलिन्छ र सङ्क्रमण फैलाउँछ । शरीरमा उनीहरूको उपस्थिति शुरूमा पत्ता लाग्दैन तर एकपछि अर्को लक्षण देखिन थाल्छ । मुख्य लक्षणहरूमा तीव्र टाउको दुखाइ, कमजोरी, थकान, पखाला, भोक नलाग्ने (कम वा बढी महसूस), शरीरमा पोषक तत्त्वको अचानक कमी हुन् ।

**कीरा २५ मिटर लामो हुन सक्छ**

टेपवर्म शरीरमा कति खतरनाकरूपले बढ्छ, यसको लम्बाइ ३.५ मिटरसम्म हुन सक्छ भन्ने तथ्यबाट अनुमान लगाउन सकिन्छ । वयस्क टेपवर्महरू २५ मिटरसम्म लामो हुन सक्छन् र ३० वर्षसम्म बाँच्न सक्छन् ।

**मस्तिष्कमा टेपवर्म आक्रमण**

यसले मस्तिष्कमा ठूलो हानि पुऱ्याउँछ र कतिपय अवस्थामा बिरामीको ज्यानसमेत जान सक्छ । उपचारका लागि बिरामीलाई औषधि दिनुका साथै शल्यक्रियासमेत गरिन्छ ।

**टेपवर्मबाट कसरी बच्ने**

बन्दागोभीसहित सबै काँचो तरकारीहरू राम्ररी धुनुपर्छ । सफा रहनुपर्छ र सफा ठाउँमा बनेका चीजहरू मात्र खानुपर्छ । काँचो वा नपाकेको मासु खाँदा टेपवर्मको सङ्क्रमण हुने सम्भावना बढी हुन्छ ।

# किशमिशको पानीको चमत्कारी प्रभाव

धेरैलाई थाहा होला कि किशमिशको पानीले शरीरका धेरै समस्यालाई हटाउन निकै प्रभावकारी भूमिका निर्वाह गर्छ । यसले रोगहरूबाट शरीरलाई बचाउँछ । खासगरी कलेजोको रोगमा किशमिशको पानीले निकै प्रभावकारी नतीजा दिन्छ । तर यसको लागि किशमिशको पानी राम्ररी तयार गर्नुपर्छ ।

**किशमिशको पानी पिउनुका फाइदाहरू**

ड्राइफ्रुट्सको रूपमा सबैभन्दा धेरै प्रयोग हुने चीजमध्ये एक किशमिश, स्वादमा मात्र होइन, यसमा पाइने पोषक तत्त्वहरूले धेरै रोग निको पार्न मदत



गर्दछ । जानीराखौं किशमिशको पानीले के के फाइदा गर्छ ।

- किशमिशको पानी पिउनाले शरीरका सबै विषाक्त पदार्थ बाहिर निस्कन्छ । यो भन्न सकिन्छ कि किशमिशको पानी कलेजोको सफाइको लागि एक राम्रो विकल्प हो ।
- एसिडिटीको समस्या भएकाहरूले किशमिशको पानी पिउँदा निकै राहत मिल्छ । यसले पेटमा हुने एसिडलाई नियन्त्रण गर्छ ।
- किशमिशको पानीले रगतलाई पनि शुद्ध पार्छ र मुटुलाई स्वस्थ राख्न पनि धेरै सहयोगी हुन्छ । यसले खराब कोलेस्ट्रोललाई हटाएर प्रमुख स्वास्थ्य समस्याबाट बचाउँछ ।
- किशमिशमा एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ र यसले शरीरलाई फ्री रेडिकलबाट बचाउँछ, जसले क्यान्सर निम्त्याउन सक्छ ।
- किशमिशका यी एन्टिअक्सिडेन्टहरूले रोग प्रतिरोधात्मक क्षमतालाई पनि सुधार गर्छ । बारम्बार रोगको शिकार हुने व्यक्तिले किशमिशको पानी पिउनुपर्छ ।

**किशमिशको पानी कसरी बनाउने**

किशमिशको पानीका धेरै फाइदा प्राप्त गर्न, यसलाई सही तरीकाले तयार पार्नु महत्त्वपूर्ण हुन्छ । यसका लागि दुई कप पानी उमालेर त्यसमा १५० ग्राम किशमिश रातभर भिजाउनुपर्छ ।

बिहान किशमिशको पानी छान्नुपर्छ र त्यसपछि यसलाई हल्का आगोमा तताउनुपर्छ । त्यसपछि खाली पेटमा चिया जस्तै किशमिशको तातो पानी पिउनुपर्छ । यसमा ताजा कागतीको रस पनि थप्न सकिन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बाइडेन-सी बैठकको तयारी : अपेक्षा अनेक, सम्भावना कम

वाशिङ्टन, कात्तिक २९/एपी

हाल द्वीपक्षीय सम्बन्ध चिसिँदै गएको विश्वका महाशक्ति राष्ट्र अमेरिका र



अमेरिकी राष्ट्रपति जो बाइडेन(दायाँ) र चीनका राष्ट्रपति सी जिनपिङ। तस्वीरः फाइल

चीनका राष्ट्रप्रमुखबीच हुन गइरहेको संवादलाई विशेष चासोको रूपमा हेरिएको छ। यस संवादबाट विश्वले धेरै अपेक्षा गरे पनि सहमतिका नयाँ बिन्दुमा पुग्ने सम्भावनाहरू भने निकै कम देखिन्छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका राष्ट्रपति सी जिनपिङले बेइजिङमा सँगै चाउचाउ खाएर विश्वलाई नयाँ सन्देश दिन खोजेका छन्। तिब्बती पठारमा भएको आदानप्रदानको क्रममा उनीहरूले अमेरिकाको अर्थतन्त्र र वाणिज्यका बारेमा गम्भीर छलफल गरेका छन् । उनीहरूले एकअर्काप्रति निष्कपट सम्मान विकास गर्नेबारे अमेरिकी व्यवसायी नेताहरूलाई आग्रह पनि गरेका छन्।

असल परराष्ट्र नीति र बलियो व्यक्तिगत सम्बन्ध निर्माणबाट शुरू हुन्छ भन्ने बाइडेनको हृदयदेखिको विश्वासको प्रमाणका रूपमा अमेरिकी राष्ट्रपतिले चिनियाँ समकक्षी सीसँगको सम्बन्ध कायम राखेको बताइएको छ । दुईजना नेताले सोमवार राष्ट्रपतिको रूपमा पहिलो बैठक बस्ने तयारी गरिरहँदा समस्याग्रस्त अमेरिका–चीन सम्बन्ध कसरी अगाडि बढ्छ र बाइडेनको राजनीतिज्ञ छवि कसरी प्रस्तुत हुन्छ भन्ने विशेष चासोको रूपमा हेरिएको छ ।

“जब अमेरिका–चीन सम्बन्धको कुरा आउँछ, यसका बीचमा खाडल यति ठूला छन् र प्रवृत्तिगत रेखा यति समस्याग्रस्त छन् ताकि व्यक्तिगत सम्बन्धले मात्र यसलाई कसरी पर्गेल्न सक्छ चासोको विषय छ,” म्याथ्यू गुडम्यान जो राष्ट्रिय सुरक्षा परिषद्मा एसिया सल्लाहकारको रूपमा बुश र ओबामा प्रशासनमा काम गरेका थिए, उनको टिप्पणी हो । हाल द्विदेशीय सम्बन्ध चीसो हुँदै गएको आभास भइरहेको छ । यद्यपि ती पुराना साथी अहिले देशको प्रमुख कार्यकारी भएका छन् । ह्वाइट हाउसका अधिकारीहरूले सोमवारको भर्चुअल बैठकको लागि कम अपेक्षाहरू राखेका छन् । कुनै ठूलो महत्त्वका घोषणा अपेक्षित छैनन् । उनीहरूका अनुसार अन्तमा दुई नेताद्वारा परम्परागत संयुक्त वक्तव्य जारी हुन सक्ने सम्भावना छ । रासस

## सोमालियामा खाद्य सङ्कट, लाखौं मानिस प्रभावित हुने

मोगादिसु, २९ कात्तिक/सिन्हवा

सोमालियामा खडेरीका कारण खाद्य सङ्कट परेको छ ।

यहाँ अहिले पनि नागरिकले खाद्यान्न अभावको समस्या झेलिरहेको र दिन प्रतिदिन यो समस्या बढ्दै गएको देखिएको छ । सोमालियामा रहेको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले खाद्य सङ्कटबारे जानकारी दिएको छ ।

मानवीय सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए)ले सोमालियामा आगामी सन् २०२२ को मे महीनासम्म यहाँको खाद्यान्न अभाव झन् बढ्ने जनाएको छ। समयमा पानी नपरेका कारण देशव्यापीरूपमा सुक्खा परेको र जसका कारण अहिले १७ लाखभन्दा बढी मानिस खाद्यान्नको अभावबाट प्रभावित भएका बताइएको छ ।

साथै सो संस्थाले सन् २०२२ को मे महीनासम्म कम्तीमा पनि ३५ लाख मानिसमा खाद्यान्न अभाव देखिने पाइएको जनाएको छ। खडेरीका कारण नागरिक प्रभावित भएका हुन् । यसै वर्षको अप्रिलदेखि नै यहाँका मानिसले खाद्य सङ्कट बेहोरिरहेका छन् । आवश्यक मात्रामा पानी नपरेका कारण उब्जनी नभएकोले खाद्यान्न उत्पादन हुन सकेको छैन, त्यसैले



तस्वीरः सिन्हवा

उनीहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने जनाइएको छ ।

सोमालिया सरकारले यही अप्रिलदेखि नै संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरूसँग परामर्श गरी खडेरीका कारण खाद्य सङ्कट पर्न गएको घोषणा गरेको थियो। सोही कारण संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी उक्त निकायले सहयोगका लागि विदेशी दातृसंस्था या देशहरूलाई आग्रह पनि गरेको छ । सो निकायले आवश्यक सहयोग गर्न नसक्ने हो भने यहाँको अवस्था गम्भीर हुने बताएको छ । रासस

## शरणार्थी प्रवाहलाई कम गर्ने उपाय खोजिने

मिन्स्क, २९ कात्तिक/सिन्हवा

बेलारूसका विदेश मामिलामन्त्री भ्लादिमिर मेकीले आफ्नो देशले एसिया, अफ्रिका र मध्यपूर्वबाट इयूमा आउने आप्रवासी प्रवाहलाई कम गर्न प्रयास गर्ने युरोपेली सङ्घ (इयू)लाई बताएका छन्।

विदेश मामिला र सुरक्षा नीतिका लागि युरोपेली सङ्घका उच्च प्रतिनिधि जोसेप बोरेलसँगको टेलिफोन वार्तामा उनले उक्त टिप्पणी गरेको बेल्टा समाचार एजेन्सीले जनाएको छ । सो अवसरमा दुवै पक्षले चाँडै नै आप्रवासन सङ्कट अन्त्य गर्ने आफ्नो मनसाय पुष्टि गरेको स्रोतले जानकारी दिएको छ ।

इयूले मिन्स्कलाई मध्यपूर्वका गन्तव्यसँग जोड्ने सञ्जालमा नयाँ प्रतिबन्ध लगाउने विचार गरिरहेको छ। आप्रवासी मिन्स्क हुँदै पोल्यान्डको इयूको पूर्वी सिमानामा आएका थिए ।

शरणार्थीको ठूलो समूह सीमामा शरणको खोजीमा फसेपछि पोल्यान्डले केही दिनदेखि पोलिश–बेलारूसी सीमामा सेनालाई उच्च सतर्कतामा राखेको छ। बेलारूस पश्चिमी दबाब र



बेलारूसका विदेश मामिलामन्त्री भ्लादिमिर मेकी

प्रतिबन्धहरूलाई सबैभन्दा कडा उपायका साथ प्रतिक्रिया दिन तयार रहेको मेकीले शुक्रवार रूसी पत्रकारलाई बताएका छन्। इयूले वर्तमान शरणार्थी सङ्कटका लागि बेलारूसलाई दोष दिंदै यसविरुद्ध प्रतिबन्धका लगाएको छ ।

यद्यपि बेलारूसका राष्ट्रपति अलेक्ज्यान्डर लुकाशेन्कोले प्रतिबन्धले देशको सङ्कट समाधान गर्ने क्षमतालाई कमजोर बनाएको टिप्पणी गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – कर्मप्राप्ति |
| मिथुन – पदोन्नति | कर्कट – राज्यलाभ |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुपराजय | वृश्चिक – ज्ञानोदय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## सांसद श्रीवास्तवद्वारा विद्यालय भवनको उद्घाटन

प्रस, पर्सागढी, २९ कात्तिक/

पर्सागढी नगरपालिका–९ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बर्डरवामा निर्मित चार कोठे भवनको सोमवार सङ्घीय सांसद विमलप्रसाद श्रीवास्तवले उद्घाटन गरेका छन् ।




तस्वीरः प्रतीक

उनको संसदीय विकास कोषको रकमबाट रु ५० लाखको लागतमा चारकोठे पक्की भवन निर्माण भएको हो । विद्यालय भवनको उद्घाटन गर्दै सांसद श्रीवास्तवले शिक्षा मानवजीवनको ज्योति भएको बताए। उनले शिक्षाविना मानिस अधूरो हुने बताए । सांसद श्रीवास्तवले समग्र विकास क्रमलाई गति प्रदान गर्ने हो भने शिक्षा क्षेत्रमा सबैभन्दा पहिले विकास गर्नुपर्ने सुझाव दिए। उनले शिक्षासँगै स्वास्थ्य क्षेत्रको विकासमा पनि गति दिन आवश्यक भएको बताए।

कार्यक्रममा बालेश्वर चौधरी, जसपा नेता बृजमोहन चौधरी, वडाध्यक्ष वेदमनदास थारू, प्रधानाध्यापक चेतमन चौधरीलगायत स्थानीय समाजसेवी, अगुवा, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थीहरूको सहभागिता थियो । कार्यक्रममा शिक्षिका लक्ष्मी ढकालले स्वागत र शिक्षक रामविलास साहले सहजीकरण गरेका थिए ।

## नौ थान साइकलसहित ६० क्युफिट सालको काठ बरामद

प्रमोद यादव, पचगावाँ, २९ कात्तिक/

सबडिभिजन वन कार्यालय सबैयाको टोलीले नौ थान साइकलसहित तीन स्थानबाट ठूलो परिमाणमा सालको काठ बरामद गरेको छ ।



बरामद काठ र साइकल । तस्वीरः प्रतीक

सबैयाका फरेस्टर पुरुषोतम पटेल नेतृत्वको वन गस्ती टोलीले पर्सागढी नगरपालिका–४ भेडाहा चोकबाट सातवटा साइकलमा लोड १८ क्युफिट सालको काठ पक्राउ गरेको जनाएको छ। सूचनाको आधारमा वन गस्ती टोलीले वीरगंज महानगरपालिका–३१ भेडियाहीबाट २८ क्युफिट सालको काठ बरामद गरेको थियो ।

आइतवार राति ११ बजे शेख छेदी मियाँको मूलगेटछेउमा थाक बनाएर त्रिपालले छोपेर राखेको अवस्थामा २८ क्युफिट सालको काठ बरामद भएको थियो। यसैगरी, सोमवार बिहान ७ बजे वीरगंज–३१ बेल्वाटोलमा छापामारी गर्दा १४ क्युफिट दुई थान सालको गोलिया बरामद भएको थियो। तीनवटै स्थानबाट नौ थान साइकल र ६० क्युफिट सालको काठ बरामद भएको र बरामद साइकल तथा काठ सबडिभिजन वन कार्यालय सबैयामा राखिएको फरेस्टर पटेलले बताए ।

### मनाइयो हरिबोधिनी एकादशी....

लगाउँदा र एक लाख तुलसीपत्र विष्णुलाई अर्पण गर्दा मनोकाङ्क्षा पूरा हुन्छ भन्ने विश्वास छ ।

गरुड पुराणमा उल्लेख भए अनुसार यस महीनामा एउटा तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरेबराबरको फल मिल्दछ। विष्णु क्षीरसागरमा सुतेकाले यी चार महीनामा विवाह व्रतबन्धजस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ ।

यस समयमा खोला, नदीनालामा बाढीपहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ। हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिङ्गारी फूल मालाले सजाएर विवाह गरियो ।

आजका दिन काठमाडौं उपत्यकाका चार नारायण, भक्तपुरको चाँगुनारायण, काठमाडौंका शेषनारायण, इचँगुनारायण र विशङ्खुनारायण स्थानमा विशेष मेला लाग्यो ।

यहाँ जान नसक्नेले काठमाडौंको उत्तरमा रहेका बूढानीलकण्ठ नारायणस्थानको दर्शन गर्दा चार नारायणको दर्शन र पूजा गरे बराबरको फल पाइने विश्वास गरिन्छ । आजै देशभरका नारायण मन्दिरमा विशेष पूजा गरी यो पर्व मनाइएको छ ।

कात्तिक महीनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवं सय जन्मका पापबाट मुक्ति मिल्ने प्रसङ्ग शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वाध्यक्ष प्राडा रामचन्द्र गौतमले जानकारी दिए ।

### अपाङ्ग दानबहादुर....

सहन्छु। तर मेरा पतिको पीडा हरण गरिदिनुस,” गला अवरुद्ध गर्दै कृष्णमायाले थपिन् ।

उनको निर्माण गरिएको घर पूर्णरूपमा सम्पन्न भइसकेको छैन । शौचालयसम्म जाने बाटो बनाउन नसक्दा अपाङ्ग दानबहादुर कैयौंपटक लडेको र आफूले सकिनसकी बल्लतल्ल उठाएको पत्नी कृष्णमायाले सुनाइन् । महीनामा ७/८ हजारसम्मको औषधिमा खर्च हुने गरे पनि पैसा नहुँदा औषधिसमेत उनले खान पाएका छैनन् ।

पूर्ण अशक्त भत्ताबापत महीनाको तीन हजार रकम सरकारबाट उपलब्ध हुन्छ। त्यो रकम जाडो महीनामा छोटो ओढ्ने ओढे जस्तै उनलाई भएको छ। उनीहरूको कमाइ गरिखाने न त खेतबारी नै छ, न त ज्याला, मजदूरी गर्न सक्ने शारीरिक स्थिति नै ।

यस्तै आर्थिक समस्याले छोराछोरीलाई पढाउन नसकेको दानबहादुरले दुःख मान्दै भने । जेठो छोरा छुट्टिएर बसेका छन् । कान्छा छोरा काम गर्न जान्छ । उसैको भरथेगमा जेनतेन चुलो बल्दै आएको आमा कृष्णमायाले भनिन् ।

“स्थानीय सरकारले औषधि खान पुग्ने रकम उपलब्ध गराए अलि वर्ष बाँच्थें होला । औषधि किन्न पैसा पुग्दैन । कति उधारो माग्नु । धन्न दिएका छन् । भत्ता आउने बित्तिकै ऋण तिर्नुपर्छ,” आँसु पुछ्दै दानबहादुरले मलिलो स्वरमा भने ।

पूर्ण अशक्त नागरिकका लागि प्रदेश र सङ्घीय सरकारले जे जति सुविधा उपलब्ध गराए पनि पर्याप्त छैन । यसतर्फ स्थानीय सरकारले यस्ता नागरिकहरूको सहज बाँच्न पाउने, स्वास्थ्य उपचार गर्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।


**पोखरिया नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा, प्रदेश नं २, नेपाल
दोस्रोपटक प्रकाशित मिति : २०७८।०७।३०

प्रस्तुत विषयमा यस पोखरिया नगरपालिका अन्तर्गत रहेको सामुदायिक विद्यालयहरूको आव २०७७।७८ को लेखापरीक्षण गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड लेखापरीक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजातहरू संलग्न राखी सूचीकृत हुन निवेदन आह्वान गरिन्छ ।

**तपसिल**
१) आव २०७६।७७ सम्मको करचुक्ता प्रमाणपत्र ।
२) नेपाल चार्टर्ड एकाउन्टेन्ट सङ्घ ऐन आव २०७८।७९ को लागि प्रमाणपत्र नवीकरणको प्रतिलिपि ।
३) रु ५००।– निवेदन दस्तुर तिरेको नगदी रसिद ।

# मालपोतका नासु झा १० वर्षदेखि बारामै, सरुवा हुँदा पनि गएनन्

प्रस, वीरगंज, २९ कात्तिक/

भूमिसूधार तथा मालपोत कार्यालय, कलैया, बाराका नायब सुब्बा कौशलकिशोर झा विगत १० वर्षदेखि सोही कार्यालयमा कार्यरत छन्। पैसा र पहुँचको आधारमा उनको पटक–पटक सरुवा हुँदा पनि सम्बन्धित जिल्लामा नगएको मालपोत स्रोतको भनाइ छ। १० महीनाअघि आफैं निवेदन दिएर म्याग्दी जिल्लामा सरुवा गराए पनि हालसम्म रवानापत्र बुझेका छैनन्।

उनले भूमिसुधार तथा मालपोत कार्यालय बाराको मुद्दा फाँटमा लामो समयसम्म बस्दा करोडौं सम्पत्ति जोडेको स्रोतको दाबी छ।



नासु झा र भूमिसूधार तथा मालपोत कार्यालय, कलैया, बारा। तस्वीरः प्रतीक

कार्यालयमा कुनै पनि फाइल विनाकमिशन अघि नबढ्ने सेवाग्राहीको अरोप छ। सेवाग्राहीले सम्पत्ति शुद्धीकरण विभागबाट उनको र आफन्तजनको नाममा रहेको सम्पत्ति छानबीन गर्न माग गरेका छन्।

मालपोत स्रोतका अनुसार झामाथि मालपोत कार्यालयका प्रमुख गोपालप्रसाद बराल र भूमिसुधार मन्त्रालयका महानिर्देशकसमेतको आशीर्वाद रहेकोले उनले सरुवा भएर जान आलटाल गरिरहेको बताइएको छ।

यस विषयमा नासु झासँग कुरा गर्दा उनले तथ्यहीन आरोप लगाइएको बताए। उनले कोरोना महामारी र बाढी पहिरोको कारण रवाना नबुझेको बताए। उनले कमिशन तथा आर्थिक लोभमा लामो समयसम्म एकै ठाउँ बसेको कुरासँग असहमति जनाए। उनी बारामा २०४७ सालदेखि निजामती सेवामा खरिदार पदमा नियुक्त भएकोमा २०६८ सालमा सुब्बामा बढुवा भएर मालपोत गएको बताए।

मालपोतमा बस्दा आचरण ठीक नभए कसरी जागीर गर्थें भनी उनले प्रतिप्रश्न गरे। उनले अब रवानापत्र लिएर जाने सोच बनाइरहेको पनि बताए।

प्रमुख बरालका अनुसार कार्यालयमा काम गर्ने अनुभवी कर्मचारीको कमी रहेकोले रोकेर राखेको बताए। "मानिस के–के आरोप लगाउँछन्, मैले मुद्दा हेर्ने कर्मचारी नभएर राखेको हो, वन क्षेत्रको जग्गा अनुभवी कर्मचारीले मात्र हेर्न सक्छ"–उनले भने–"उनीबाट रुष्ट कर्मचारीले आधारहीन आरोप लगाएका हुन्।" उनले कार्यालयमा दरबन्दीको अनुपातमा निकै कम कर्मचारी रहेकाले रवाना दिएर नपठाएको स्पष्ट पारे।

उनका अनुसार कार्यालयमा चारजना अधिकृतमध्ये एकजना कोलेनिकाबाट लेखापाल बोलाइ काम चलाइरहेको, १० जना सुब्बाको दरबन्दी रहेकामा पाँचजना र १८ जना खरिदारको दरबन्दी रहेकामा ११ जना र कार्यालय सहयोगी गरी कुल ४५ जना कर्मचारीले मात्र काम चलाइरहेको बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |


## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना-मेरो सहभागिता

जनगणना गणकलाई टिपाइएका विवरण गोप्य हुन्छन् त ?

**ढुक्क हुनुहोस्।**

- जनगणनामा तपाईंले दिएको व्यक्तिगत विवरण गोप्य रहन्छन्।
- सरकारले उठाएको कर वा कानूनी कुरामा प्रयोग हुँदैन।
- यदि कसैले गोपनीयता भङ्ग गरेको पाइएमा तथ्याङ्क ऐन, २०१५ बमोजिम कारबाई हुन्छ।
- त्यसैले गणकलाई सही विवरण टिपाऔं।

**नागरिक कर्तव्य र दायित्व पूरा गरौं।**

**गणना गर्ने अवधि : कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म।**

नेपाल सरकार

विज्ञापन बोर्ड







# बरामद सामान भन्सार चलान

प्रस, वीरगंज, २९ कात्तिक/

जिल्ला प्रहरी कार्यालय पर्साले आइतवार साँझ भन्सार छलीका सामानहरू बरामद गरी वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले हिजो साँझ साढे ६ बजे वीरगंजको इनर्वा, नगवा र लिङ्करोडबाट भन्सार छलीका हार्डवेयर सामानहरू र औषधि बरामद भएको बताए। उनले तीन लाख मूल्यका ती सामानहरू आवश्यक कारबाईका लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको जानकारी गराए।



बरामद सामानहरू। तस्वीर सौजन्यः जिप्रका

## कानून व्यवसायी.....

इजलास वीरगंजमा उच्च बारका अध्यक्ष प्रमोदप्रसाद साहको नेतृत्वमा धर्ना कार्यक्रम सम्पन्न भएको हो। कात्तिक २८ देखि ३० गतेसम्म तीन दिने एक घण्टा धर्ना कार्यक्रम रहेको छ।

यसैबीच, प्रधानन्यायाधीश जबराले सोमवार विज्ञप्ति जारी गर्दै समस्याको समाधान संवादबाट गर्न आह्वान गरेका छन्। दुई पेज लामो विज्ञप्तिमा उनले हालको घटनाले न्यायपालिकाको पवित्रता, गरिमा एवं न्यायिक सर्वोच्चताको विरासतमा गम्भीर प्रश्नचिह्न खडा भएको भन्दै जनताको न्यायिक अधिकारको रक्षा गर्ने कर्तव्य एवं अधिकार न्यायपालिकासँग मात्र सुरक्षित रहेको तथ्यलाई हृदयङ्गम गरी विग्रहको बाटो छाडेर समस्या समाधानको लागि संवादको मार्ग रोज्न आग्रह गरेका छन्।

# एमाले महाधिवेशनको लागि पर्साबाट प्रतिनिधि चयन

प्रस, वीरगंज, २९ कात्तिक/

नेकपा (एमाले)को दशौं राष्ट्रिय महाधिवेशनको लागि पर्साबाट सोमवार सर्वसम्मत प्रतिनिधि चयन भएको जिल्ला अध्यक्ष प्रभु हजराले बताए। जिल्लाको चारवटै निर्वाचन क्षेत्रबाट ३० जना



तस्वीरः फाइल

प्रतिनिधि चयन गर्नुपर्नेमा एकजना दलित महिलाबाहेक २९ जना प्रतिनिधि सर्वसम्मतरूपमा चयन गरिएको अध्यक्ष हजराले बताए। उनले एमाले पार्टी कार्यालय मनमोहननगरमा सोमवार बसेको पदाधिकारीहरूको बैठकले सर्वसम्मतरूपमा क्षेत्र नं १ बाट इस्लाम हवारी, बसरुद्दीन अन्सारी, अरविन्द सिंह, डा विश्वम्भर शर्मा, शम्भु गुप्ता, मुना दहाल, सुभद्रा बन्जारालाई महाधिवेशन प्रतिनिधिमा चयन गरेको बताए।

यसैगरी, क्षेत्र नं २ बाट गोकर्ण पाठक, महेश दास, केदार तिवारी र विना शर्मा चयन भएका छन् भने क्षेत्र नं ३ बाट राजकुमार गुप्ता, प्रद्युम्न चौहान, फरमान अन्सारी, वासुदेव महतो, तेजप्रकाश निषाद, सञ्जीव मिश्र, मीना साह र लक्ष्मी कुशवाहा चयन भएका छन। यस्तै, क्षेत्र नं ४ बाट जयप्रकाश थारू, मनोज गुप्ता, जोगिन्द्र साह, ठाकुर न्यौपाने र मीना गिरी चयन भएको अध्यक्ष हजराले बताए। जिल्लाभरिका दलितबाट अध्यक्ष हजरा, हरेन्द्र हजरा, अमिताभबच्चन दास, सन्तोष पासवान र नविया गोसाईं महाधिवेशन प्रतिनिधिमा सर्वसम्मत चयन भएका छन्।

एमालेको दशौं महाधिवेशन प्रतिनिधिका लागि कात्तिक २५ गते पार्टी कार्यालयमा उम्मेदवारी दर्ता भएको थियो भने सोही दिन प्राविधिक कारण देखाएर स्थगित पनि गरिएको थियो। महाधिवेशन नजीकिएको र प्रतिनिधि चयन आवश्यक भएकोले पदाधिकारी बैठकबाट चयन गरिएको अध्यक्ष हजराले बताए। एमालेको दशौं राष्ट्रिय महाधिवेशन आगामी मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुनेछ।

**रातारात सदस्यता थपिएको आरोप**

नेकपा एमाले पर्साले रातारात हजारौंजना सदस्य थपेको आरोप छ। एकजना एमाले कार्यकर्ताले कात्तिक २५ गतेसम्म दशौं राष्ट्रिय महाधिवेशन प्रतिनिधिका लागि उम्मेदवारी दर्ता गर्दा चारवटै क्षेत्रबाट कुल १४ जना प्रतिनिधि निर्वाचित हुने सूची प्रकाशन भएको तर पदाधिकारी बैठकले कात्तिक २९ गते सर्वसम्मत प्रतिनिधि चयन गर्दा सो सङ्ख्या ३० पुग्नुले रातारात सदस्य थपिएको पुष्टि भएको बताए।

ती कार्यकर्ताले बताए अनुसार क्षेत्र नं १ देखि ३ सम्म एकजना महिलासहित तीनजना प्रतिनिधि र क्षेत्र नं ४ मा एकजना महिलासहित पाँचजना प्रतिनिधिको लागि निर्वाचन गराउने सूची थियो।

तर सो दिन प्राविधिक कारण देखाएर निर्वाचन स्थगित गरिएको र कात्तिक २९ गते पदाधिकारी बैठकले एकाएक ३० जनाको सूची सार्वजनिक गरिनुको आशय असल नभएको बताए।

यसबारेमा अध्यक्ष हजरासँग बुझ्दा उनले एमालेसँग आबद्ध सदस्यहरू केन्द्रीय रेकर्ड अनुसार २०७४ सालदेखि नै करीब ११ हजार रहेको र माओवादीसँग एकीकरणपश्चात् करीब चार हजार २०० सयजना सदस्य थपिएको बताए। उनले एमाले पार्टीको विधान अनुसार सदस्यता थप भएको र यसमा आरोपको गुन्जाइस नभएको बताए।

आजको पदाधिकारी बैठकले निर्वाचनमा उम्मेदवारी नदिएका दशजना र कात्तिक २५ गते अन्तिम नामावली प्रकाशन गर्दा निर्वाचन अधिकृतले उम्मेदवारी दिएका तीनजनालाई अयोग्य घोषित गरेकाहरूलाई पनि प्रतिनिधि बनाइएको छ। जसले गर्दा विधिविधानमा चल्दै आएको दाबी गर्ने एमाले पर्सामा अहिले प्रश्नचिह्न खडा भएको छ।



**राष्ट्रका लागि खेलकूद, स्वास्थ्यका लागि खेलकूद** : वीरगंज आदर्शनगर खेल मैदानमा फूटबलको प्रशिक्षण लिंदै विद्यार्थीहरू। कोभिड–१९ का कारण खेलकूद गतिविधि ठप्प रहेको अवस्थामा विद्यार्थीहरूलाई स्वस्थ राख्न खेलकूद पनि आवश्यक छन् भन्ने उद्देश्यले विभिन्न विद्यालयले खेलकूद गतिविधि गर्ने गरेका छन्। तस्वीरः पङ्कज श्रेष्ठ



